लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ
५ नम्बर प्रदेश, नेपाल ।

☎०८२ : ५४००५०
☎०८२ : ५४०८५०


प.सं. २०७६।०७७ च.नं. ४५०३ मिति : २०७७/०३/१६

विषय : जानकारी सम्वन्धमा ।

श्री वडा कार्यालय सबै,
लमही नगरपालिका,दाङ ।

घरेलु तथा साना उद्योग कार्यालय दाङको च.नं. २९८३ मिति २०७७/०३/१० गतेको प्राप्त पत्र यसै साथ संलग्न रहेको छ । यस लमही नगरपालिका क्षेत्रभित्र रहेका उद्योग व्यवसाय नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका उद्योग व्यवसायहरुलाई मिति २०७७/०५/०३ गते सम्म म्याद गएका उद्योग/फर्मको नविकरण र अभिलेखिकरण गर्न उद्योग व्यवसायहरुको जानकारीको लागि उक्त पत्रको छाँया प्रति तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

..............................
टोपेन्द्रबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत


Web site : www.lamahimun.gov.np
Facebook Page : www.facebook.com/lamahimun
Email Id : Lamahinapa@gmail.com
Twitter Id : www.twitter.com/lamahidang


Scanned with CamScanner

प्रदेश सरकार
५ नं. प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# घरेलु तथा साना उद्योग कार्यालय
दाङ

☎ ०८२-५६०००४
☎ ०८२-५६३३६९

पत्र संख्या : २०७६/०७७ प्रशासन शाखा
चलानी नं २५८३

मिति : २०७७/०३/१०

विषय : म्याद गएका उद्योग/फर्मको नवीकरण र अभिलेखिकरण बारे ।

श्री उपमहानगरपालिका कार्यालय, घोराही/तुलसीपुर
श्री नगरपालिका कार्यालय, लमही
श्री गाउँपालिका कार्यालय, बबई/ दंगिशरण / शान्तीनगर/ बंगलाचुली/ राप्ती/ राजपुर/ गढवा
श्री घरेलु तथा साना उद्योग महासंघ, दाङ ।
श्री दाङ चेम्वर अफ कमर्श, दाङ ।
श्री दाङ जिल्ला उद्योग वाणिज्य संघ
घोराही, दाङ ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. ८८७०
मिति : २०७७/३/१५

प्रस्तुत विषयमा प्रदेश नं. ५ को "प्राइभेट फर्म दर्ता ऐन, २०७६" २०७६/०५/०४ मा प्रारम्भ भएको र ऐनको दफा ३ को उपदफा (२) वमोजिम यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून वमोजिम दर्ता भएका फर्मले एक वर्ष भित्र सम्वन्धित निकायमा दर्ता अद्यावधिक गर्ने व्यवस्था रहेको साथै ऐनको दफा ५ को उपदफा (२) वमोजिम यो दफा प्रारम्भ हुनु अघि कुनै कारणवश नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएको भएतापनि एक पटकको लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र तोकिए वमोजिमको शुल्क बुझाई नवीकरण गर्न सकिने व्यवस्था रहेको । त्यसै गरि साझेदारी ऐन, २०७६ मिति २०७६/०६/०१ मा प्रारम्भ भएको र ऐनको दफा ११ को उपदफा (१) मा यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून वमोजिम दर्ता भएका साझेदारी फर्म यसै ऐन वमोजिम दर्ता भएको मानिनेछ तर यो दफा प्रारम्भ भएको मितिले एक वर्ष भित्र सम्वन्धित निकायमा अभिलेखिकरण गर्नुपर्नेछ भन्ने व्यवस्था भएको तथा सोही ऐनको दफा १३ को उपदफा (११) वमोजिम यो दफा प्रारम्भ हुन अघि कुनै कारणवश नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण गर्न नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएता पनि एक पटकको लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र तोकिए वमोजिम नवीकरण गर्न सकिनेछ भन्ने व्यवस्था भएकोमा सोही वमोजिम आ-आफ्ना क्षेत्रका उद्योगी व्यवसायीहरुलाई मिति २०७७/०५/०३ गते भित्र नवीकरण, अभिलेखिकरण गर्न गराउनका लागि जानकारी गराई सहयोग गरी दिनुहुन अनुरोध छ ।

२०७६-३-१०
(हिम बहादुर ...)
निमित्त प्रमुख उद्योग अधिकृत

बोधार्थ
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बुटवल, नेपाल ।
श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, भैरहवा, रुपन्देही ।

Scanned with CamScanner